“धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर”

**धनकुटा नगरपालिका, धनकुटा**

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

## 16 Days of Activism Against GBV

---

## अभियान सम्पन्न प्रतिवेदन

# (COMPLETION REPORT)




**Office of The Dhankuta Municipal Executive**

**धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा**

**२०८२ मंसीर ९–२५ सम्म**

**लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (16 Days of Activism against Gender-Based Violence)**
**सम्पन्न प्रतिवेदन -२०८२**

## १. पृष्ठभूमी

- डोमिनिकन गणतन्त्रको शासकहरुले महिला तथा बालिकाहरुमाथि गरेको अन्याय र अत्याचार सहन नसकेर त्यहाँका महिलाहरुले आवाज उठाउंदा अझ बढी दमन र हत्या गरेको विरुद्धमा संगठीत रुपमा प्रतिकारको शुरुवात भएको थियो ।यीनीहरुको उच्च साहस र त्यागको सम्मान गर्दै ल्याटिन अमेरिकी देशहरूमा २५ नोभेम्बरलाई महिला हिंसा विरुद्धको दिवसका रूपमा मनाउन थालियो ।
- विश्वव्यापी रुपमा महिला तथा बालिकाहरु लैङ्गिक हिंसाको चपेटामा पर्ने र यस्तो घटना र असर क्रमश बढ्दै गएकाले सन १९९१ बाट महिलाहरूको विश्वव्यापी नेतृत्व संस्थान (Women's Global Leadership Institute) ले लैङ्गिक हिंसा विरुद्धको अभियानको शुरु गरेको थियो । सन १९९९ मा संयुक्त राष्ट्र संघद्धारा महिला हिंसा विरुद्धको दिवसलाई आत्मसाथ गरेको थियो ।
- विश्वव्यापी सामाजिक अभियानको रुपमा महिला विरुद्धको हिंसा उन्मुलनको अन्तर्राष्ट्रिय दिवस (नोभेम्बर २५)मा सुरु भई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०)का दिन यस १६ दिने अभियान समापन हुन्छ । नेपालमा पनि यो अभियान विभिन्न चेतनामूलक कार्यक्रम गरी मनाउने गरिएको छ ।
- UNITE to end Violence against Women Campaign को तथ्यांक अनुसार विश्वव्यापी रुपमा हेर्दा हरेक तीन मध्ये एक महिला यस्तो हिंसाबाट प्रभावित हुने गरेको देखाएको छ त्यसैले यो एक विश्वव्यापी मानव अधिकारको हनन हो जुन रोकिनु पर्छ । पछिल्लो समयमा महिला किशोरीहरु मात्र नभएर लैङ्गिकताको आधारमा पुरुष तथा यौनिक अल्पसंख्यकहरु पनि हिंसामा पर्ने गरेको हुनाले यसलाई लैङ्गिक हिंसा विरुद्धको अभियानको रुपमा मनाउन थालिएको छ ।
- बेइजिङ घोषणापत्र र कार्य प्लेटफर्मको ३० औं वार्षिकोत्सव मनाउँदै गर्दा संयुक्त राष्ट्र संघ महासचिवको प्रयासमा संचालित "UNiTE २०२५ अभियान" को अध्ययन अनुसार दुर्व्यवहारको सबैभन्दा द्रुत गतिमा बढ्दो रूपहरू मध्ये महिला र बालिका विरुद्ध डिजिटल हिंसा रहेको छ ।
- त्यसैले यो वर्षको अभियानले डिजिटल सुरक्षा लैङ्गिक समानताको केन्द्रबिन्दु मानेर " UNITE TO END DIGITAL VIOLENCEAGAINST ALL WOMEN AND GIRLS" भन्ने अन्तर्राष्ट्रिय र "प्रविधिको सहि प्रयोग गरौंः लैङ्गिक हिंसा अन्त्य गरौं" भन्ने राष्ट्रिय नारा तय गरेको छ । नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार गरेको उल्लेखित नारालाई सफल र सार्थक बनाउन नगरपालिकास्तरमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न गरिएको छ ।

## २. अभियानको मुख्य उद्देश्य

प्रत्येक बर्ष मनाईंदै आएको लैङ्गिक हिंसा विरुद्धको यो १६ दिने अभियानको मुख्य उद्धेस्य आम जनसमुदायलाई सचेतीकरण गरी लैङ्गिक हिंसा न्यूनीकरण गर्ने नै हो । केहि विशिष्ट उद्धेस्यहरु देहाय बमोजिम रहेका छन् ।

- लैंगिक हिंसाबारे (प्रकार, कारण,असर र जोगिने उपाय) व्यापक रुपमा जनचेतना फैलाउनु ।
- महिला, बालिका र अन्य कमजोर समूहमाथि हुने हिंसा रोक्नु ।
- कानूनी अधिकारबारे नागरिकहरुलाई जानकारी दिनु ।
- हिंसाका पीडित/प्रभावितलाई सुरक्षित सेवा, सहारा र न्यायसम्मको पहुँच सुनिश्चित गर्नु ।
- मानव अधिकारको सम्मान गर्दै सभ्य र समानतामूलक समाज निर्माणमा सहयोग गर्नु ।

## ३. सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

३.१ अभियानको उद्धाटन तथा अन्तरक्रिया कार्यक्रम

नारामा आधारित कार्यपत्र प्रस्तुती र अन्तरक्रिया अभियानका कार्यक्रमहरुको प्रस्तुती

३.२ द्वीप प्रज्वलन कार्यक्रम

३.३ सचेतना कार्यक्रमहरु

क. विद्यालय स्तरिय सचेतना कार्यक्रमः भाषा मावि, त्रिवेणी मा वि., टंक मावि हिले मावि देउराली मा वि, धनकुटा बहुमुखी क्याम्पस

ख. टोल विकास सँस्था लगायत सामाजिक संघ/सँस्थाहरुको उपस्थितिमा वडास्तरको सचेतना कार्यक्रमः वडा न. ८ वडा नं. ६ र वडा नम्बर ७

३.४ रेडियो जिंगल बजाउने कार्य, ब्रोसर वितरण

३.५ लैङ्गिक हिंसा आचार संहिता तयारी गरी प्रत्येक कार्यक्रममा प्रस्तुती र सवै वडाहरुमा वितरण

३.६ लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र बैठकको आयोजना

३.७ अपाङ्गता दिवस आयोजना

३.८ अपाङ्ता भएकाहरुका लागि न्यानो कपडा वितरण, धनपा ६

३.९ लैङ्गिक हिंसा सम्बन्धी महिला समूहलाई तालिम

३.१० २४ गते अभियानको समिक्षा साथ समापन कार्यक्रम

## ४. सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

"प्रविधिको सहि प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौ" भन्ने नाराका साथ लैङ्गिक हिंसा विरुद्धको ३४ औं १६ दिने अभियान २०८२ मंसीर ९ गतेदेखि २४ गतेसम्म सरोकारवालाहरुसंगको मंसीर ३ गते तयारी बैठकमा छलफल भए अनुसार तपशीलका क्रियाकलापहरु संचालन गरिएको छ ।

| क्र.सं. | मुख्य क्रियाकलाप | सहायक क्रियाकलाप | नेतृत्व गर्ने संस्था | मिति | स्थान | सहभागी म. | सहभागी पु. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | औपचारिक रुपमा अभियान उद्घाटन कार्यक्रम | • लैङ्गिक हिंसा विरुद्धको आचार संहितामा हस्ताक्षर गरी नगर प्रमुख श्री चिन्तन तामाङबाट समुद्घाटन<br>• नारामा आधारित कार्यपत्र प्रस्तुती र अन्तरक्रिया<br>• अभियानका १६ दिनको कार्यक्रमहरुको प्रस्तुती | धनकुटा नगरपालिका | २०८२ मंसीर ९ | नगरपालिका सभाकक्ष- | ४३ | ५०- | ९३ |
| २ | द्वीप प्रज्ज्वलन | • धनपा ७ मदनचोकमा साँझ ५ बजे सरोकारवाला हरुको उपस्थितिमा कार्यक्रम सम्पन्न | महिला पुनस्थपना केन्द्र, पारालिगल, WHRD र WEST Nepal | २०८२ मंसीर ९ | धनपा ७, मदनचोक | ३२ | २६ | ५८ |
| ३ | विद्यालय स्तरिय सचेतना कार्यक्रम | • विद्यालयका किशोर किशोरीहरुलाई हिंसा र आत्महत्या सम्बन्धी चेतनामूलक कार्यक्रम<br>• विषय बस्तु प्रस्तुती र अन्तरक्रिया भएको | नगरपालिका र प्रहरी | मंसीर ११,१४,२१ र २२ | भाषा, त्रिवेणी, हिले र टंक मा.वि. | १७५ | १४७ | ३२२ |
| ४ | जानकारी पुस्तिका वितरण जिंगल तयारी प्रसारण | • हरेक कार्यक्रममा वितरण गरिएको<br>• माईकिंग र रेडयोमा प्रसारण | धनकुटा नगरपालिका र पत्रकार महासंघ | मंसीर ९- २४ | सबै कार्यक्रममा | | | |
| ५ | वडास्तरमा सचेतना कार्यक्रम | • लैङ्गिक हिंसा र साईबर क्राईम, आत्महत्या सम्बन्धी प्रस्तुती र अन्तरक्रिया | वडा समिति र नमस्ते नेपाल, अन्तरपाटी महिला सञ्जाल र धनपा | मंसीर १३ र २३ गते | धनपा वडा नं. ६ र ८ | ३९ | ४० | ७९ |
| ६ | लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी अभीमुखीकरण र IEC materials | • लैङ्गिक हिंसा र साईबर क्राईम, आत्महत्या सम्बन्धी प्रस्तुती र अन्तरक्रिया<br>• लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी पर्चा, पोष्टर, ब्रुसर टाँस्ने र वितरण | महिला पुनस्थपना केन्द्र, पारालिगल, WHRD र WEST Nepal र CDF FEDO | मंसीर १४ र १६ गते | ध.ब.क्या. र गोकुण्डेश्वर मा.वि. धनपा ६ | ५५ | ४७ | १०२ |
| ७ | अन्तरक्रिया कार्यक्रम | • जिल्लास्थित लैङ्गिक हिंसा विरुद्धका सरोकारवालाहरु बीच डिजिटल हिंसा सम्बन्धमा | सामुदायिक वन उपभोक्ता महासंघ धनकुटा | मंसीर १५ गते | धनपा ७ मोरिङ्गा होटल | ३८ | २६- | ६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | अपाङ्गता दिवस | • शुभकामना आदान प्रदान र अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण ज्याकेट र स्वीटर | धनकुटा नगरपालिका | मंसीर १७ गते | सामुदायिक भवन धनपा ५ | १८ | ३२ | ५० |
| ९ | न्यानो कपडा वितरण | • विपन्नहरुलाई न्यानो कपडा वितरण | लेडिज जेसिस | मंसीर १९ गते | धनपा ६ जेसिस गाउं | १४ | ९ | २३ |
| १० | महिला सशक्तिकरण तालिम | • लैङ्गिक समानता र आर्थिक सशक्तिकरण सम्बन्धी तीन दिवसीय तालिम ३ वटा | सल्भ नेपाल, धनकुटा | मंसीर १५ देखि २३ गते | धनपा ६ खाल्डे र पाङ्सिङ र धनपा १ हिले | ६० | ० | ६० |
| ११ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च (GBV Platform) गठन | • नगर स्तरमा लैङ्गिक हिंसा न्यूनीकरणमा दीर्घकालीन प्रयासका लागि सबै सरोकारवाला सम्मिलित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च (GBV Platform) गठन र पहिलो बैठक | धनकुटा नगरपालिका | मंसीर २२ गते | धनपा कार्यालय | १३ | ५ | १८ |
| १४ | अभियान समापन कार्यक्रम तथा विविध | • प्रगति प्रतिवेदन प्रस्तुती, विश्व मानव अधिकार दिवसको शुभकामना, धन्यवाद ज्ञापन र समापन | धनकुटा नगरपालिका र हुसाडेक नेपाल | मंसीर २४ गते | धनपा सभा हल | ३५ | २७ | ६२ |
| | | **जम्मा सहभागी** | | | | **५२२** | **४०९** | **९३१** |

## ५. मुख्य उपलब्धीहरु

- लैंगिक हिंसाको प्रकार, कारण, असर र जोगिने उपायका व्यापक रुपमा जनचेतना अभियान संचालन भई ९३१ जना लाभान्वित भएको ।
- महिला, बालिका र अन्य कमजोर समूहमाथि हुने हिंसा रोक्न सहभागीहरुबाट प्रतिबद्धता आएको।
- साईबर अपराध, आत्महत्या र यस सम्बन्धी कानूनी व्यवस्थाबारे नागरिकहरुलाई जानकारी भएको ।
- हिंसाका पीडित/प्रभावितलाई सुरक्षित सेवा, सहारा र न्यायसम्मको पहुँच सुनिश्चित गर्न सुशुचित भएको ।
- मानव अधिकारको सम्मान गर्दै सभ्य र समानतामूलक समाज निर्माणमा सहयोग पुग्ने ।

## ६. <u>निश्कर्ष</u>

- लैङ्गिक हिंसा एक जघन्य अपराध हो साथै मानव अधिकारको ठाडो उलंघन हो र यो कानूनी रुपले दण्डनिय छ भन्ने जानकारी व्यक्ति व्यक्तिसम्म पुग्न पर्ने देखिन्छ ।
- लैङ्गिक हिंसा हाम्रो समाजमा एक सामाजिक समस्याको रुपमा रहेको छ । यसको समाधानका लागि एकल प्रयासले मात्र सम्भव नभएकाले सामूहिक प्रयासको आवस्यकता छ ।
- यस बर्ष यो अभियानमा जम्मा ९३१ जना सहभागी भएको छ जस मध्ये महिला ५२२ र पुरुष ४०९ संलग्नता भएको छ ।
- १६ दिन सम्म संचालन भएको यस अभियानमा सहभागी भई अभियान सफल गर्न सहयोग गर्नुहुने सम्पुर्ण व्यक्ति,संघ/सँस्थाहरुलाई धन्यवाद साथ आभार व्यक्त गर्दछु ।

## ७. कार्यक्रम सम्बन्धी केहि तस्वीरहरु








## मदनचोकमा द्वीप प्रज्ज्वलन





## पर्चा पम्प्लेटिङ् र बहुमुखी क्याम्पसमा सचेतना कार्यक्रम



## न्यानो कपडा वितरण-लेडिजेसिस





टंक मा. वि.भीरगाउंमा सचेतना कार्यक्रम

## हिले मा.वि.मा सचेतनामूलक अभियान






वडा नं.६ मा अन्तरक्रिया कार्यक्रम

## भाषा मा.वि. कागते मा सचेतना कार्यक्रम





त्रिवेणी मा.वि. धनपा ७ मा सचेतना कार्यक्रम

## GBV-Platform को बैठक सम्पन्न





वडा नं. ८ मा अन्तरक्रिया कार्यक्रम

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

२५ नोभेम्बरदेखि १० डिसेम्बर, २०२५ (२०८२ मंसीर ९ गतेदेखि २४ गतेसम्म )

"UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"


## "प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं"

### उद्घाटन एवम् अन्तरक्रिया कार्यक्रम

मितिः २०८२/०८/०९

आयोजक
धनकुटा नगरपालिका
धनकुटा

## आचार संहिता-२०८२ मा हस्ताक्षर



"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"
धनकुटा नगरपालिका, धनकुटा

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सरोकारवालाहरुले पालना गर्ने आचार संहिता-२०८२

यो आचार संहिता हस्ताक्षर गरेको मितिबाट पालना गर्न सहमत भई स्वेच्छाले हस्ताक्षर गर्दछु ।

१. नेपाल सरकार, कोशी प्रदेश सरकार र धनकुटा नगरपालिकाको लैङ्गिक समानता र हिंसा सम्बन्धी ऐन, कानून, नियम, संस्थागत नीति तथा यस अन्तर्गत सम्झौताका शर्तहरु पालना गर्ने/गराउनेछु ।
२. सबै सेवाग्राही, सरोकारवाला निकाय, कर्मचारी तथा व्यक्तिहरुसँग मर्यादित र सम्मान पूर्ण व्यवहार गर्नेछु ।
३. जातीय, वर्गीय, आर्थिक,राजनीतिक, धार्मिक, क्षेत्रीय तथा भिन्न क्षमता भएका व्यक्तिलाई विभेद गर्ने/गराउने छैन ।
४. लैङ्गिक समानता र सामाजिक न्याय कायम गर्न सँधै तत्पर रहनेछु ।
५. यौन उत्पीडनजन्य तथा यौन विषयसँग सम्बन्धित कुनै प्रकारका मौखिक वा यौन प्रकृतिका शारीरिक आचरण जस्ता यौनजन्य दुर्व्यवहारका क्रियाकलापहरु गर्ने/गराउने छैन ।
६. म मेरा कुनैपनि सहकर्मी, कार्यस्थल वरपरका समुदायका व्यक्तिहरु र १८ वर्ष मुनिका बालबालिकाको यौन शोषण, दुर्व्यवहार वा उत्पीडनमा संलग्न हुनेछैन ।
७. म बालबालिकासँग सामाजिक संजाल (विद्युतीय माध्यम) मार्फत स्वीकृति लिई वा नलिई यौनजन्य क्रियाकलापमा सहभागी हुनेछैन ।
८. कुनैपनि प्रकृतिका गुनासो जस्तै श्रम, हानिकारक सामाजिक अभ्यास, यौनजन्य दुर्व्यवहार/शोषण, वातावरणीय तथा सरसफाई र अनुशासन विपरीत कार्य गरेमा सो को समाधानार्थ यथाशक्य पहल गर्ने/गराउनेछु ।
९. महिला, बालबालिका तथा जोखिममा रहेका समूहलाई नियतवश कुनै हानी/नोक्सानी हुने कार्य गर्ने छैन ।
१०. कार्यस्थलमा यस आचार संहिता बर्खिलाप भएको कुनैपनि प्रकारको दुर्व्यवहार, यौन शोषण, यौन उत्पीडन देखे वा सुनेमा र अन्य गुनासो भएमा म समाधान गर्न पहल गर्नेछु वा सम्बन्धित निकायमा सम्पर्क गर्ने छु ।

उल्लेखित आचार संहिता राम्ररी पढेको, बुझेको छु र आफ्नो कार्यस्थलमा कडाईका साथ पालना गर्न/गराउन सहमत छु ।

हस्ताक्षर

